राष्ट्रिय योजना आयोगको त्रैमासिक

बुलेटिन

वर्ष १ अंक १ २०८३ असार 2026 June/July

# आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनको पूर्व तयारी सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न



**२०८३ असार ५ गते । काठमाडौं**
राष्ट्रिय योजना आयोगको आयोजनामा आर्थिक वर्ष २०८३/८४ को मध्यमकालीन खर्च संरचना र बजेट कार्यान्वयनको पूर्व तयारी सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अर्थ मन्त्रालयले रकमान्तर लगायत विभिन्न प्रकृतिका अधिकार सम्बन्धित मन्त्रालयका सचिवहरूलाई प्रत्यायोजन गरिसकेको र अर्थ मन्त्रालय अब अन्य मन्त्रालयहरुलाई सहजकिरण गर्ने विषयमा केन्द्रित रहने जानकारी गराउनु भयो। उहाँले विभिन्न ऐन कानुनको संशोधन/परिमार्जनमा राष्ट्रिय योजना आयोगको भूमिका समेत महत्वपूर्ण रहेको, समन्वयात्मक अबरोधहरु हटाउनुपर्ने, राष्ट्रिय विकास समस्या समाधान समितीको बैठकको स्वरुप पुनर्संरचना गर्नुपर्ने आवश्यकता औंल्याउनुका साथै निजामती कर्मचारीतन्त्र मिसन मोडमा सक्षम रहे पनि नियमित सेवा प्रवाहमा थप सुधार आवश्यक रहेको र असल तथा खुबी भएका राष्ट्रसेवकलाई संरक्षण गरिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टले नागरिकले अनुभुत गर्ने गरी विकासका कार्यक्रम संचालन गर्न मन्त्रालयहरूबीच समन्वय अभिवृद्धि गर्नुपर्ने विषयमा प्रकाश पार्नुभयो । सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिको लागि ठूलो स्रोत बहन गर्ने मन्त्रालयहरूले प्रभावकारी कार्यसम्पादनमा जोड दिनु पर्ने बताउँदै उहाँले सरकारका नीति योजना र वार्षिक कार्यक्रमको सफल कार्यन्वयनको लागि सम्पूर्ण सरोकारवाला निकायहरू एकजुट भई अग्रसर हुनुपर्ने उल्लेख गर्नुभयो।

नेपाल सरकारका मुख्य सचिव श्री सुमन अर्यालले अनुगमन तथा मूल्याङ्कन ऐन संशोधन गरी NDAC/MDAC /Appraisal सम्बन्धी व्यवस्था समावेश गर्नुपर्ने तथा अर्थ मन्त्रालय MTEF को custodian बन्न सुझाव दिनुभयो । यस आयोगका माननीय सदस्य अर्जुनजंग थापाले व्यवहारिक अनुभवका आधारमा कानुन तथा नीति निर्माण गर्नुपर्नेमा जोड दिँदै द्रुतमार्ग आयोजना शीघ्र सम्पन्न गर्न आग्रह गर्नुभयो। माननीय सदस्य सञ्जय आचार्यले नेपाली चिया निर्यातमा देखिएका समस्याको समाधानका लागि पहल भइरहेको जानकारी दिनुभयो। माननीय सदस्य रेशु अर्यालले सरकारी निकायहरूबीच प्रभावकारी डिजिटल समन्वय प्रणाली विकास गरी सूचना आदानप्रदान र सुझाव संकलनलाई व्यवस्थित बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । माननीय सदस्य सुदन झाले राष्ट्रिय प्राथमिकताका आयोजना सम्बन्धी विवरण समयमै उपलब्ध गराउन तथा मन्त्रालयहरूबीच साझा उत्तरदायित्वको व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो। माननीय सदस्य पुकार मल्लले विकास व्यवस्थापनको नयाँ कार्यढाँचा आवश्यक रहेको उल्लेख गर्दै मन्त्रालयहरूमा नीति अनुसन्धान कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो।

कार्यक्रममा विभिन्न मन्त्रालयका सचिवहरूले नीति सुधार र कार्यान्वयनका विषयमा धारणा राख्नुभएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवले अनौपचारिक अर्थतन्त्रलाई औपचारिकीकरण गर्न राष्ट्रिय रोजगार नीति परिमार्जन र राष्ट्रिय आप्रवासन नीति निर्माणको आवश्यकता औंल्याउनुभयो। कृषि वन तथा पर्यावरण सचिवले दीर्घकालीन कृषि नीतिको आवश्यकतामा जोड दिनुभयो भने वनमा आधारित उद्यमको सम्भावना बढ्दै गएको बताउनुभयो। गृह सचिवले सुरक्षा निकायहरूको राशन व्यवस्थापनमा एकरूपता आवश्यक रहेको उल्लेख गर्नुभयो। रक्षा सचिवले पूँजीगत खर्चको न्यून प्रगति तथा द्रुतमार्ग आयोजनामा जनशक्ति र स्रोतको अभावका कारण चुनौती रहेको जानकारी दिनुभयो। विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिवले रेडियोधर्मी पदार्थको नियमन तथा क्यान्सर उपचारका लागि आणविक अनुसन्धान केन्द्र स्थापना आवश्यक रहेको धारणा राख्नुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थले मध्यमकालिन खर्च संरचना र अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन पूर्व तयारी सम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो ।

## आर्थिक वर्ष २०८३/८४ मा समपूरक अनुदानमार्फत १३ अर्ब ५३ करोड रुपैयाँ बराबरका आयोजना कार्यान्वयन हुने




राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि संघीय समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहमार्फत कार्यान्वयन हुने क्रमागत तथा नयाँ आयोजना/कार्यक्रमहरू छनोट गरी बजेट विनियोजनको सिफारिस गरेको छ । आयोगले प्रदेश सरकारमार्फत सञ्चालन हुने सडक, पुल, सिँचाइ, स्वास्थ्य, शिक्षा, पर्यटन तथा नदी नियन्त्रण लगायत पूर्वाधार विकासका ६२ वटा आयोजना तथा स्थानीय तहमार्फत सञ्चालन हुने १०६७ वटा विकास आयोजनाका लागि बजेट सिफारिस गरेको हो।

प्रदेशतर्फ कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका रणनीतिक महत्वका सडक, स्वास्थ्य संस्था, सिँचाइ तथा पर्यटन पूर्वाधारलाई प्राथमिकता दिइएको छ। प्रदेश सरकारमार्फत सञ्चालन हुने आयोजनाका लागि कुल ४ अर्ब ६० करोड १८ लाख रुपैयाँ बराबरको विनियोजन सिफारिस गरिएको छ।

स्थानीय तहतर्फ सडक स्तरोन्नति, मोटरेबल पुल निर्माण, अस्पताल तथा स्वास्थ्य चौकी भवन, कृषि बजार, पर्यटन पूर्वाधार, खेलमैदान, प्रशासकीय भवन तथा खानेपानीलगायतका कुल ८ अर्ब ९२ करोड ८९ लाख रुपैयाँ बराबरका आयोजना समावेश गरिएका छन् । यी आयोजनाबाट स्थानीय स्तरमा सेवा प्रवाह सुधार, उत्पादनशीलता वृद्धि, रोजगारी सिर्जना तथा क्षेत्रीय सन्तुलित विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## नेपालको अति कम विकसित मुलुकबाट स्तरोन्नतिका लागि थप समय माग सम्बन्धमा संयुक्त राष्ट्र संघका सम्बद्ध अधिकारीहरूसँग भर्चुअल छलफल सम्पन्न



नेपालले अति कम विकसित मुलुक (LDC) बाट विकासशील मुलुकमा स्तरोन्नति हुने प्रक्रियामा थप समय माग गरेको सन्दर्भमा संयुक्त राष्ट्र संघका सम्बद्ध अधिकारीहरूसँग भर्चुअल माध्यमबाट छलफल कार्यक्रम सम्पन्न भएको छ। उक्त छलफलमा अर्थ, परराष्ट्र उद्योग वाणिज्य लगायत सरोकारवाला विभिन्न मन्त्रालयका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षले नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति हुनका लागि थप तीन वर्षको समय आवश्यकता रहेको बारे विस्तृत मन्तव्य दिनुभएको थियो। उहाँले नेपालको अर्थतन्त्रको संरचनागत कमजोरी, निर्यात प्रतिष्पर्धी क्षमतामा रहेको सीमितता, उत्पादनमूलक क्षेत्रको कमजोर आधार, साथै हालसम्म व्यापार सहजीकरण, सामाजिक सुरक्षा र संस्थागत क्षमता विकासका क्षेत्रमा गर्नुपर्ने तयारी पूर्ण रूपमा सम्पन्न हुन नसकेको यथार्थ अवस्था उपर प्रकाश पार्नुभयो। उहाँले स्तरोन्नतिपछि नेपालले गुमाउने व्यापारिक सहुलियत, भन्सार छुट तथा अन्तर्राष्ट्रिय सहयोगका विशेष व्यवस्थाहरूको प्रतिस्थापनका लागि निजी क्षेत्र, उत्पादनमूलक उद्योग र निर्यात आधार क्रमशः सबल बनाउँदै लैजान थप समय आवश्यक रहेको स्पष्ट पार्नुभयो। साथै, कोभिड-१९ महामारी, वैदेशिक व्यापारमा परेको प्रभाव र हालसम्मका संरचनागत सुधारका कार्यक्रमहरू पूर्ण कार्यान्वयनमा नआएको अवस्थालाई समेत आधार बनाई थप समय माग गरिएको जानकारी दिनुभयो।

संयुक्त राष्ट्र संघका सम्बद्ध अधिकारीहरूले नेपालको प्रस्तुतिप्रति चासो व्यक्त गर्दै नेपालले उठाएका विषयलाई गम्भीरतापूर्वक लिने प्रतिबद्धता जनाएका थिए। छलफलमा सहभागी विभिन्न मन्त्रालयका प्रतिनिधिहरूले समेत आ-आफ्ना क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा तयारीको अवस्थाबारे जानकारी प्रवाह गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले स्तरोन्नति प्रक्रिया स्थगन गर्ने विषय सधैंका लागि नभएकाले सरोकारवाला सबै निकाय र निजी क्षेत्र मिलेर निर्धारित समयावधि भित्र आवश्यक तयारी पूरा गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

# राष्ट्रिय योजना आयोगका पदाधिकारी र सबै प्रदेश योजना आयोगका पदाधिकारीहरूबीच छलफल



राष्ट्रिय योजना आयोगका पदाधिकारी र सबै प्रदेश योजना आयोगका पदाधिकारीहरूबीच योजना कार्यान्वयन, तहगत समन्वय, अति कम विकसित मुलुक (LDC) बाट स्तरोन्नति तथा दिगो विकास लक्ष्य (SDGs) लगायतका विषयमा केन्द्रित Virtual अन्तरक्रिया गोष्ठी सम्पन्न भएको छ। उक्त गोष्ठीमा संघीय र प्रदेश तहबीचको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउने, समन्वय संयन्त्रलाई थप सुदृढ गर्ने र राष्ट्रिय विकास लक्ष्य हासिल गर्न साझा प्रतिबद्धता अभिवृद्धि गर्ने विषयमा गहन छलफल गरिएको थियो।

छलफलका क्रममा योजना कार्यान्वयनमा तीन तहबीचको समन्वयलाई थप सुदृढ बनाउने, विकास आयोजनाको दोहोरोपन न्यूनीकरण गर्दै स्रोत परिचालनलाई प्रभावकारी बनाउने तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई परिणाममुखी बनाउने विषयमा जोड दिइएको थियो। त्यसैगरी, अति कम विकसित मुलुकबाट स्तरोन्नति पश्चात उत्पन्न हुने नीति, वित्तीय व्यवस्थापन र संस्थागत चुनौतीहरूका विषयमा समेत छलफल भएको थियो।

दिगो विकास लक्ष्य (SDGs) को समयबद्ध कार्यान्वयनको लागि सूचकमा आधारित अनुगमन प्रणालीलाई प्रदेशस्तरमा समेत प्रभावकारी बनाउने, तथा डेटा-आधारित निर्णय प्रक्रियालाई विस्तार गर्ने विषयमा गहन छलफल भएको थियो। साथै, योजना प्रणालीलाई अझ एकीकृत र समन्वयात्मक बनाउन नियमित अन्तरक्रिया र साझा संयन्त्र स्थापना गर्ने प्रस्ताव समेत अघि सारिएको थियो।

उक्त अन्तरक्रिया गोष्ठीले संघीय संरचना अन्तर्गत विकास योजना कार्यान्वयनलाई थप प्रभावकारी र परिणाममुखी बनाउने दिशामा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८३/८४-२०८५/८६) तथा वार्षिक विकास कार्यक्रम सार्वजनिक




राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को मध्यमकालीन खर्च संरचना (MTEF) तथा आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम सार्वजनिक गरेको छ । सो दस्तावेजले सोह्रौं योजनाका लक्ष्य, उद्देश्य, रूपान्तरणकारी रणनीति तथा अपेक्षित नतिजासँग वार्षिक बजेट र कार्यक्रमलाई आबद्ध गर्दै आगामी तीन वर्षको स्रोत, खर्च तथा विकास परिणामको स्पष्ट खाका प्रस्तुत गरेको छ।

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने, सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउने तथा स्रोत-साधनको प्राथमिकताका आधारमा विनियोजन सुनिश्चित गर्ने उद्देश्य राखेको छ। दस्तावेजमा आगामी तीन आर्थिक वर्षका लागि समष्टिगत आर्थिक तथा वित्तीय खाका, नतिजा खाका र बजेट तथा कार्यक्रम खाका समावेश गरिएको छ।

सार्वजनिक खर्च व्यवस्थापनमा वित्तीय अनुशासन, विनियोजन कुशलता, कार्यान्वयन क्षमता तथा नतिजामूलक बजेट प्रणाली प्रवर्द्धन गर्न मध्यमकालीन खर्च संरचनालाई प्रमुख सुधार उपकरणका रूपमा अवलम्बन गरिएको छ । यस क्रममा राष्ट्रिय गौरवका आयोजना तथा विभिन्न क्षेत्रगत पूर्वाधार आयोजनाको पुनःप्राथमिकीकरण गरी स्रोतको अधिकतम उपयोग हुने गरी कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ।

दस्तावेजले नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति, सोह्रौं योजनाको प्रभावकारी कार्यान्वयन तथा दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न आवश्यक लगानी र स्रोत परिचालनको मार्गचित्र समेत प्रस्तुत गरेको छ। साथै, विकास आयोजना तथा कार्यक्रमको नतिजा सूचक निर्धारण गरी आगामी तीन वर्षका अपेक्षित उपलब्धि र परिणामलाई स्पष्ट रूपमा समेटिएको छ।

यस दस्तावेजले विकास योजना, बजेट र कार्यान्वयनबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउँदै सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि गर्ने विश्वास व्यक्त गरिएको छ।

## विशेष अनुदानअन्तर्गत रु. १३ अर्ब २२ करोडका आयोजना छनोट

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहमार्फत कार्यान्वयन हुने विभिन्न विकास आयोजना तथा कार्यक्रम छनोट गरी बजेट सिफारिस गरेको छ । आयोगले प्रदेश सरकारमार्फत सञ्चालन हुने ६९ वटा तथा स्थानीय तहमार्फत कार्यान्वयन हुने ७८९ आयोजनामा गरी कुल रु. १३ अर्ब २२ करोड ३५ लाख विनियोजन सिफारिस गरेको छ ।

विशेष अनुदानका आयोजना स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, कृषि उत्पादन वृद्धि, विपद् जोखिम न्यूनीकरण, सीमान्तकृत समुदायको उत्थान, एकीकृत बस्ती विकास तथा जीविकोपार्जन सुधारजस्ता क्षेत्रमा केन्द्रित छन् । कोशी प्रदेशमा पशु स्वास्थ्य, खानेपानी तथा शिक्षा सुधारसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइएको छ भने मधेश प्रदेशमा 'फिड द नेसन' अभियान, सिँचाइ विस्तार र विज्ञान केन्द्र स्थापना कार्यक्रम समावेश गरिएका छन्।

त्यस्तै, बागमती प्रदेशमा चेपाङ, माझी, बोटे तथा वनकरिया समुदाय लक्षित स्वरोजगार र आवास कार्यक्रम समेटिएका छन् भने गण्डकी प्रदेशमा मातृ तथा नवजात शिशु स्वास्थ्य, खानेपानी र नदी व्यवस्थापनका आयोजना समावेश भएका छन् । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा कृषि आधुनिकीकरण, पोषण सुधार, शिक्षा गुणस्तर अभिवृद्धि, स्वास्थ्य सेवा सुदृढीकरण तथा विपन्न समुदाय लक्षित कार्यक्रमलाई




विशेष प्राथमिकता दिइएको छ।

विशेष अनुदानमार्फत छनोट भएका आयोजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै समावेशी विकास, सेवा प्रवाहको गुणस्तर सुधार तथा उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । प्रदेश र स्थानीय तहबीचको समन्वय तथा परियोजना कार्यान्वयन क्षमताका आधारमा यी आयोजनाले क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

विशेष अनुदान कार्यक्रमलाई संविधानले परिकल्पना गरेको समतामूलक विकास र क्षेत्रीय असन्तुलन न्यूनीकरणको प्रमुख वित्तीय उपकरणका रूपमा हेरिएको छ ।

# राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानबीच अन्तरक्रिया सम्पन्न




२०८३ असार १ । काठमाडौं ।

राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानबीच आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरू, सचिव, सहसचिव तथा अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो भने नीति अनुसन्धान प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख श्री लक्ष्मण प्रसाद भट्टराई, वरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता तथा विश्लेषकहरूको उपस्थिति रहेको थियो।

राष्ट्रिय विकासका प्राथमिकता, प्रमाणमा आधारित नीति निर्माण तथा अनुसन्धानमूलक ज्ञानको प्रभावकारी उपयोगका विषयमा केन्द्रित उक्त कार्यक्रमको मुख्य उद्देश्य राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानबीचको संस्थागत सम्बन्ध तथा सहकार्यलाई थप सुदृढ बनाउनुका साथै आयोगलाई प्रतिष्ठानका गतिविधि, अनुसन्धान क्षमता र योगदानबारे विस्तृत जानकारी गराउनु रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले प्रस्तुतीकरणमार्फत प्रतिष्ठानको संस्थागत परिचय, कार्यक्षेत्र, अनुसन्धानका प्राथमिक विषय, हालसम्म सम्पन्न अध्ययन तथा नीति निर्माण प्रक्रियामा प्रतिष्ठानले पुऱ्याउँदै आएको योगदानबारे जानकारी दिनुभयो । उहाँले तथ्य, प्रमाण र अनुसन्धानमा आधारित नीति निर्माणलाई सुदृढ बनाउन प्रतिष्ठानले निरन्तर रूपमा अध्ययन तथा विश्लेषणात्मक कार्यहरू सञ्चालन गरिरहेको उल्लेख गर्नुभयो।

प्रस्तुतीकरणपछि दुवै संस्थाका पदाधिकारी तथा विज्ञहरूबीच राष्ट्रिय विकासका चुनौती, सार्वजनिक नीतिको प्रभावकारिता, अनुसन्धान र योजना तर्जुमाबीचको अन्तरसम्बन्ध तथा आगामी दिनमा सहकार्य विस्तार गर्न सकिने सम्भावित क्षेत्रहरूबारे विस्तृत छलफल तथा विचार आदानप्रदान भएको थियो।

कार्यक्रमको समापन गर्दै आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टले विकास योजना तथा नीति निर्माण प्रक्रियालाई थप प्रभावकारी, प्रमाणमा आधारित र नतिजामुखी बनाउन अनुसन्धान संस्थाहरूसँगको सहकार्य अपरिहार्य रहेको बताउनुभयो। उहाँले राष्ट्रिय योजना आयोगले नीति अनुसन्धान प्रतिष्ठानमा रहेको विज्ञता, अनुसन्धान क्षमता तथा ज्ञान स्रोतलाई राष्ट्रिय हित र विकास व्यवस्थापनमा अधिकतम उपयोग गर्न चाहेको उल्लेख गर्दै यस्ता अन्तरक्रियात्मक कार्यक्रमहरूलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

# विश्व बैंकका डिभिजन निर्देशकसँग राष्ट्रिय योजना आयोगमा भेटवार्ता



राष्ट्रिय योजना आयोगमा माननीय उपाध्यक्ष डा. गुणाकर भट्टको उपस्थितिमा विश्व बैंकका नेपाल, माल्दिभ्स तथा श्रीलंका लागि डिभिजन निर्देशक डेभिड सिस्लेन (David Sislen) नेतृत्वको प्रतिनिधिमण्डलसँग भेटवार्ता सम्पन्न भएको छ।

भेटवार्ताका क्रममा नेपालको विकास प्राथमिकता, आर्थिक रूपान्तरण, पूर्वाधार विकास, मानव पूँजी निर्माण तथा दिगो विकासका लक्ष्य हासिल गर्न विश्व बैंकले प्रदान गर्दै आएको सहयोग र आगामी सहकार्यका सम्भावित क्षेत्रहरूबारे छलफल भएको थियो।उक्त अवसरमा माननीय उपाध्यक्ष डा. भट्टले नेपालको विकास प्रयासमा विश्व बैंकले पुऱ्याएको सहयोगको प्रशंसा गर्दै राष्ट्रिय विकासका प्राथमिकतासँग मेल खाने कार्यक्रम तथा आयोजनाहरूमा आगामी दिनमा समेत सहकार्यलाई थप प्रभावकारी बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।

विश्व बैंकका डिभिजन निर्देशक सिस्लेनले नेपालको विकास साझेदारका रूपमा विश्व बैंकको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा समावेशी विकासलाई प्रवर्द्धन गर्ने क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाउने धारणा राख्नुभयो।

भेटवार्तामा राष्ट्रिय योजना आयोगका पदाधिकारी तथा विश्व बैंकका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो।

### SANDEE-ICIMOD Karl-Göran Mäler Memorial Lecture मा माननीय उपाध्यक्षको विशेष सम्बोधन

# जलवायु जोखिम व्यवस्थापन र दिगो विकासमा वित्तीय क्षेत्रको भूमिकामा जोड

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) अन्तर्गतको दक्षिण एशियाली विकास तथा वातावरणीय अर्थशास्त्र सञ्जाल (SANDEE) द्वारा आयोजित SANDEE-ICIMOD Karl-Göran Mäler Memorial Lecture २०२६ कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टले विशेष मन्तव्य प्रदान गर्नुभएको छ।

"From Climate Risk to Resilience: Nepal's Banking Sector and Sustainable Development" विषयक आफ्नो मन्तव्यमा माननीय उपाध्यक्ष डा. भट्टले जलवायु परिवर्तनका कारण नेपालले सामना गरिरहेका बढ्दो जोखिमहरू र ती जोखिम व्यवस्थापनमा वित्तीय तथा बैंकिङ क्षेत्रको भूमिकाबारे प्रकाश पार्नुभएको थियो। उहाँले दिगो विकासका लक्ष्य हासिल गर्न जलवायु-मैत्री लगानी, हरित वित्त (Green Finance) को प्रवर्द्धन तथा वित्तीय प्रणालीलाई थप उत्थानशील(Resilient) बनाउनु आवश्यक रहेको बताउनुभयो।

उहाँले जलवायु जोखिमलाई विकास योजना, लगानी निर्णय तथा वित्तीय नीतिसँग एकीकृत गर्दै आर्थिक विकास र वातावरणीय दिगोपनाबीच सन्तुलन कायम गर्नुपर्नेमा जोड दिनुभयो। साथै, नवीकरणीय ऊर्जा, हरित पूर्वाधार तथा समुदायस्तरमा जलवायु अनुकूलनका कार्यक्रमहरूमा वित्तीय क्षेत्रको सक्रिय सहभागिताले नेपालको दिगो विकास यात्रालाई थप बलियो बनाउने उल्लेख गर्नुभयो।

सो कार्यक्रममा वातावरण, जलवायु परिवर्तन, विकास अर्थशास्त्र तथा सार्वजनिक नीतिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ, अनुसन्धानकर्ता र नीति निर्माताहरूको सहभागिता रहेको थियो। सो व्याख्यान श्रृंखला SANDEE का संस्थापकहरूमध्ये एक स्वर्गीय प्रोफेसर कार्ल-गोरान मेलरको स्मृतिमा नियमित रूपमा आयोजना हुँदै आएको छ।



# AI Policy तथा Sovereign AI सम्बन्धी छलफल सम्पन्न



राष्ट्रिय योजना आयोगमा माननीय उपाध्यक्ष डा. गुणाकर भट्ट तथा माननीय सदस्यहरूको उपस्थितिमा AI Policy and Sovereign AI सम्बन्धी महत्वपूर्ण छलफल कार्यक्रम सम्पन्न भएको छ।

उक्त छलफल कृत्रिम बुद्धिमत्ताको तीव्र विकाससँगै राष्ट्रिय नीति, डिजिटल शासन, डेटा सुरक्षा तथा प्रविधि सार्वभौमिकता (Sovereign AI) का विषयमा केन्द्रित गरिएको थियो। विशेषगरी नेपालको सन्दर्भमा AI नीति निर्माण, सार्वजनिक सेवा प्रवाहमा AI को उपयोग, तथा राष्ट्रिय डेटा संरचनाको सुरक्षा र स्वामित्व सुनिश्चित गर्ने विषयहरूमा गहन विचार आदानप्रदान भएको थियो।

कार्यक्रममा सहभागीहरूले AI प्रविधिको प्रयोगलाई अवसरका रूपमा उपयोग गर्दै जोखिम व्यवस्थापन, नैतिक प्रयोग, नियमन संरचना तथा संस्थागत क्षमता विकासमा जोड दिनुपर्ने धारणा व्यक्त गरेका थिए। साथै, Sovereign AI को अवधारणामार्फत देशको डेटा, एल्गोरिदम र डिजिटल पूर्वाधारमा राष्ट्रिय नियन्त्रण तथा स्वायत्तता कायम गर्नुपर्ने विषयमा पनि छलफल केन्द्रित रहेको थियो।

माननीय उपाध्यक्ष डा. भट्टले डिजिटल रूपान्तरणलाई राष्ट्रिय विकासको महत्वपूर्ण आधारका रूपमा अघि बढाउन AI नीति अत्यावश्यक भएको उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट रणनीति र संस्थागत समन्वय आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरू, सचिव तथा अन्य अधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

छलफलले नेपालको भावी डिजिटल नीति तथा AI शासन संरचना विकासका लागि महत्वपूर्ण दिशानिर्देश प्रदान गर्ने अपेक्षा गरिएको छ।

## राष्ट्रिय आयोजना बैंकमा ८ हजार ३१० आयोजना प्रविष्टि

राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली मार्फत पेश भएका ७७७३ वटा अध्ययन सम्बन्धी आयोजनाहरू, ४०४ नयाँ आयोजनाहरु, १३३ वटा क्रमागत आयोजना गरी कुल ८३१० आयोजना स्वीकृत भएका छन्। स्वीकृत भएका आयोजना मध्ये रु. १ अर्बभन्दा कम लागतका नयाँ तथा क्रमागत ८१९९ वटा आयोजना तथा रु. १ अर्बभन्दा माथिका १११ वटा आयोजना प्रणालीमा प्रविष्टिका लागि स्वीकृत भएका हुन। संघीय निकायहरूबाट पेश भएका थप आयोजनाहरूको हाल सामान्य परीक्षण कार्य जारी रहेको छ। आयोजना बैंक व्यवस्थापन प्रणालीमार्फत आयोजनाहरुको वर्गीकरण,प्रविष्टि तथा व्यवस्थापन कार्यलाई व्यवस्थित र चरणबद्ध रूपमा अघि बढाइएको छ।





सरकारले सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ तथा वातावरणमैत्री बनाउने उद्देश्यले सुरु गरेको 'राष्ट्रिय सरसफाइ सप्ताह' कार्यक्रम अन्तर्गत यस आयोगको प्राङ्गणमा सम्पूर्ण कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको सरसफाइ कार्यक्रमका झलकहरु।

**सम्पर्क**

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं

**वेबसाइटः**www.npc.gov.np

**इमेलः**: mail@npc.gov.np

**फोनः**: ९७७–१–४२११०३२/४२१११३९